मेलम्ची नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक

प्रदेश नं ३, नेपाल


प.सं. : २०७६/०७७

च.नं. : ४०८०

मिति : २०७६/११/२२

बिषय : जानकारी सम्बन्धमा ।

श्री वडा कार्यालय (सबै),
मेलम्ची, नगरपालिका ।

प्रस्तुव विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं स्था.त.स.शा./अन्य/फा.सं.-३/०७६/०७७, च.नं ३५२ को मिति २०७६।११।२२ को पत्रको छाँया प्रति ३ यसै पत्रसाथ संलग्न छ । रोजगारीको हक सम्बन्धी ऐन, नियमावली र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका बमोजिम स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्युनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७६ चैत्र महिनामा आफूले स्थायी बसोबास गरेको वडा कार्यालयमा बेरोजगार व्याक्तिको सूचिमा सूचीकृत हुन निवेदन दिने व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

जयराम गजुरेल
अधिकृतस्तर सातौं


फोन नं : ०११-४०११४१, ०११-४०११४२, ०११-४०१०८१ वेबसाईट : www.melamchimun.gov.np ई-मेल : dms.melamchimun@gmail.com

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा) सिंहदरबार, काठमाडौं ।

फोन नं.: ०१-४२००५११

४२००३०४

पत्र संख्या :- स्था.त.स.शा./अन्य/फा.सं.-३/०७६/७७

च.नं. :- ३५२

मिति :- २०७६/११/२२

श्री स्थानीय तह (सबै) ।

विषय:- पत्राचार गरिदिने सम्बन्धमा ।

प्रस्तुत बिषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं. ११५ प.स. ७६/०७७ मिति २०७६/११/२१ को न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना सम्बन्धी पत्राचार गरिदिने सम्बन्धको प्राप्त पत्र संलग्न छ । सो सम्बन्धमा पत्रबाटै थप व्यहोरा अवगत गर्नुभई सोही अनुसार आवश्यक व्यवस्था मिलाउनुहुन आदेशानुसार अनुरोध छ ।

(जनकराज शर्मा)

शाखा अधिकृत

बोधार्थ :

श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम सिंहदरबार, काठमाडौं।

श्री सूचना तथा प्रविधि शाखा; **Website** मा **upload** गरिदिनुहुन ।

दर्ता ५८६
११।२१

नेपाल सरकार
# श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

नेपाल सरकार
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम
सिंहदरबार, काठमाडौं

मितिः २०७६।११।२१

प.स. ७६।७७
च.न. ११४

विषयः- पत्राचार गरिदिने बारे।

स्थानीय तह समन्वय शाखा
दर्ता नं.:- ६५८
मितिः- २०७६।११।२१

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको यसै साथ संलग्न प.स.७६।७७ च.न.११४ मिति २०७६।११।२१ को पत्र सबै स्थानीय तहहरुलाई त्यस मन्त्रालयको वेवसाइट मार्फत पत्राचार गरिदिनु हुन निर्णयानुसार अनुरोध गरिन्छ।

११।२१

डा.लोकनाथ भुसाल
उपसचिव

सिंहदरवार, काठमाण्डौ, नेपाल फोन नं. ०१-४२००४७७ फ्याक्स नं. ०१-४२११८७७ Email :info.pmep.np@gmail.com Website: pmep.gov.np
" नतिजामुखी प्रशासनः समृद्धि र सुशासन"

नेपाल सरकार
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

प.स. ७६।७७

च.न. ११४

बिषयः- सूचना ।

मितिः २०७६।११।२१

श्री स्थानीय तह (सबै)

(मार्फत संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय)

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, नियमावली र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका बमोजिम बेरोजगार व्यक्तिहरुले निवेदन दिने सम्बन्धी देहाय बमोजिमको सूचना आवश्यक कार्यर्थ पठाएको व्यहोरा मिति २०७६।११।१९ को निर्णयानुसार अनुरोध छ :-

**न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना**

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७७।७८ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७६ चैत्र महिनामा आफूले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को अनुसूची १ बमोजिम हुनु पर्नेछ । निवेदनको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.npबाट प्राप्त गर्न सकिने छ ।

डा. लोकनाथ भुसाल

उपसचिव

सिंहदरबार, काठमाण्डौ, नेपाल फोन नं. ०१-४२००४७७ फ्याक्स नं. ०१-४२११८७७ Email :info.pmep.np@gmail.com Website: pmep.gov.np

" नतिजामुखी प्रशासनः समृद्धि र सुशासन"